**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १३ जुलाई २०२६**
समयः १८:५० – १९:०० बजे *(अवधि १० मिनट)*

**प्रमुख समाचार**

१. आदिकवि भानुभक्त आचार्यको २१२औँ जन्मजयन्ती श्रद्धा, सम्मान र उत्साहका साथ पालन यस अवसरमा राज्यका मुख्यमन्त्री सुवेन्दु अधिकारी, लगायतले नेताहरुले आचार्यप्रति श्रद्धाञ्जली अर्पण गर्दै शुभकामना व्यक्त गर्नुभयो।

२. पश्चिम बङ्गाल विधानसभाले पारित गरेको दुई नयाँ अपराध विरोधी कानून आजदेखि लागू भएको छ।

३. पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले राज्यका ६० रथयात्रा समितिलाई ५ लाख दिने घोषणा गर्नुभएको छ।

४. पश्चिम बंगालको राज्यसभा उपचुनावका लागि भारतीय जनता पार्टी (भाजपा) का उम्मेदवारहरुले नामकन दर्ता गराएका छन्।

५. मौसम विभागले उत्तर बङ्गालको पर्वतीय तथा तराई भू–भागका धेरै स्थानमा मध्यमदेखि भारी वर्षाको सम्भावना रहेको छ।

**२१२औँ आदिकवि भानुभक्त जयन्ती**

नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको २१२औँ जन्मजयन्ती भारतका विभिन्न राज्य तथा विश्वभरका नेपाली भाषी समुदायले श्रद्धा, सम्मान र उत्साहका साथ मनाएका छन्। **यस अवसरमा पश्चिम बंगालका मुख्यमन्त्री सुवेन्दु अधिकारी, सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङ, आसामका मुख्यमन्त्री हिमन्त बिस्वा शर्मा लगायत राष्ट्रिय, राज्य तथा क्षेत्रीय तहका विभिन्न राजनीतिक नेताहरूले आदिकवि भानुभक्त आचार्यप्रति श्रद्धाञ्जली अर्पण गर्दै शुभकामना व्यक्त गरेका छन्। दार्जिलिङ पहाड, तराई तथा डुवर्सका साहित्यिक संस्थाहरू, जिल्ला प्रशासन, विद्यालय तथा महाविद्यालयहरूले विविध कार्यक्रम आयोजना गरी भानु जयन्ती मनाएका छन्। दार्जिलिङ, मिरिक, खरसाङ, कालिम्पोङ, सिलिगुडी, तराई तथा डुवर्सका विभिन्न स्थानहरूमा हजारौँ विद्यार्थी, सामाजिक संघसंस्था तथा सर्वसाधारणको सहभागितामा विशाल सांस्कृतिक र्‍याली निकालिएको थियो। सहभागीहरूले आदिकविको सालिक तथा तस्बिरमा माल्यार्पण गर्दै श्रद्धाञ्जली अर्पण गरेका थिए।यस अवसरमा नेपाली भाषा, साहित्य तथा समाजप्रति उल्लेखनीय योगदान पुर्‍याएका विभिन्न व्यक्तित्वहरूलाई 'भानु सम्मान' समेत प्रदान गरिएको छ। कालिम्पोङ, दार्जिलिङ तथा अलीपुरद्वार जिल्ला प्रशासनद्वारा आयोजित कार्यक्रममा जिल्ला अधिकारी (DM), अतिरिक्त जिल्ला अधिकारी (ADM), महकुमा शासक (SDO) लगायतका प्रशासनिक अधिकारीहरूले आदिकविप्रति श्रद्धासुमन अर्पण गरेका थिए।**

बाइट (DM),

यता सूचना एवं संस्कृति विभाग, गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन तथा नेपाली अकादमी दार्जीलिङको संयुक्त आयोजनामा आज आदिकवि भानुभक्त आचार्यको २१२औँ जन्मजयन्ती भव्य रूपमा मनाइयो। दार्जीलिङस्थित गोर्खा रंगमञ्च भवनमा आयोजित कार्यक्रममा दार्जीलिङका विधायक नोमन राई प्रमुख अतिथिका रूपमा उपस्थित थिए भने नेपाली अकादमी दार्जीलिङका कार्यकारी सदस्य डा. गोकुल सिन्हा, नगरपालिका अध्यक्ष दिपेन ठकुरी, अतिरिक्त जिल्लापाल, विभिन्न विभागका अधिकारीहरू, नेपाली अकादमीका सदस्यहरू, विभिन्न संघ–संस्थाका प्रतिनिधिहरू, साहित्यकार तथा अन्य विशिष्ट व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।
यस्तै गोर्खा जनपुस्तकालय खरसाङ र सूचना अनि सांस्कृतिक विभाग खरसाङ महकुमा पश्चिम बंगाल सरकारको संयुक्त आयोजनामा खरसाङमा 213 औं भानु जयन्ती समारोह सम्पन्न भएको छ। कार्यक्रम अन्तर्गत पूर्वार्ध्दमा खरसाङको पंखाबारी रोडस्थित गोर्खा जातीय विभूति उद्यानमा आदि कवि भानुभक्त आचार्यको सालिगमा श्रध्दाञ्जली अर्पण कार्यक्रम सम्पन्न भएको छजहा खरसाङ क्षेत्रका विभिन्न संघ संस्थाहरु र साहित्यकारहरु, शिक्षक शिक्षिकाहरु र विद्यार्थीहरुद्वारा आचार्यको सालिगमा श्रध्दाञ्जली अर्पण गरिएको छ। यस्तै कार्यक्रमको उत्तरार्द्धमा पार्क लोकेशनस्थित सामुदायिक भवनमा 213 औं भानु जयन्ती समारोह साथै अन्तर विद्यालय रामायण पाठ प्रतियोगिता सम्पन्न भएको छ। जसमा प्रथम सन्त जोसेफ कन्या उच्चतर माध्यमिक विद्यालय, दोस्रो सन्त अलफन्सस् उच्चतर माध्यमिक विद्यालय, तेस्रो सन्त जेभियर्स उच्चतर माध्यमिक विद्यालय र चौथो पुष्परानी रोय मेमोरियल उच्चतर माध्यमिक विद्यालय बनेका छन्।
प्रत्येक वर्ष असार २९ गते मनाइने भानु जयन्ती नेपाली भाषाका प्रथम महाकवि तथा 'आदिकवि'का रूपमा परिचित भानुभक्त आचार्यको जन्मस्मृतिमा मनाइन्छ। तनहुँ जिल्लाको रम्घामा जन्मिएका भानुभक्त आचार्यले संस्कृत भाषाको रामायणलाई सरल नेपाली भाषामा अनुवाद गरी नेपाली साहित्यको विकासमा अतुलनीय योगदान पुऱ्याएका थिए।भानु जयन्ती केवल आदिकविप्रति श्रद्धाञ्जली अर्पण गर्ने पर्व मात्र नभई नेपाली भाषा, साहित्य, संस्कृति, राष्ट्रिय एकता तथा भारत–नेपालबीचको ऐतिहासिक सांस्कृतिक सम्बन्धलाई अझ सुदृढ बनाउने महत्वपूर्ण अवसरका रूपमा समेत मनाइने गरिन्छ।

## पश्चिम बंगाल - नए कानून

पश्चिम बङ्गाल विधानसभाले पारित गरेको दुई नयाँ अपराध विरोधी कानून आजदेखि लागू भएको छ। यसै वर्षको जुनमा पश्चिम बङ्गाल विधानसभाले अपराध विरोधी विधेयक – पश्चिम बङ्गाल सार्वजनिक सुरक्षा र असामाजिक गतिविधिहरूको नियन्त्रण विधेयक, २०२६ र पश्चिम बङ्गाल सार्वजनिक व्यवस्था मर्मत - संशोधन विधेयक, २०२६ पारित गरेको थियो। राज्यपाल आर एन रवीले असामाजिक गतिविधिहरू नियन्त्रण गर्ने विधेयकलाई आफ्नो स्वीकृति दिएसगै यो कानुन लागु भएको हो। यसैबीच मुख्यमन्त्री शुभेन्दु अधिकारीले यो कानुन राज्यमा लामो समयदेखि आवश्यक रहेको बताउदै ३४ वर्षसम्म राज्यमा कम्युनिष्ट पार्टीहरू र त्यसपछि १५ वर्षसम्म तृणमूल कांग्रेसको शासन कालमा गुण्डागर्दीलाई प्रोत्साहित गरेको उल्लेख गर्नु भयो। यसकू साथमा उहाले यस्ता कुतत्वहरूमाथि नियन्त्रण स्थापित गर्न यो कानुन अति आवश्यक रहेको बताउनुभयो।

## मुख्यमंत्री- रथयात्रा

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले राज्यका ६० रथयात्रा समितिलाई ५ लाख दिने घोषणा गर्नुभएको छ। यसको साथमा उहाले राज्य सरकार यस वर्ष रथयात्रा उत्सवमा प्रशासनिक स्तरमा मात्र होइन सक्रिय रूपमा भाग लिने बताउनुभयो। यस्तै मुख्यमन्त्रीले श्रावण महिनामा जल तीर्थयात्री र भक्तजनहरूका लागि विशेष सेवाहरूको पनि घोषणा गर्नुभयो। मुख्यमन्त्रीले यो सहयोग चाडपर्वहरूमा सरकारको सहभागिता र राज्यको

सांस्कृतिक र धार्मिक परम्पराहरूको संरक्षणको एक हिस्सा रहेको बताउनुभयो। पूर्ववर्ती तृणमूल कांग्रेसको सरकारमाथि प्रहार गर्दै उहाले भन्नुभयो, 'अघिल्लो सरकारको भूमिका केही ट्राफिक पुलिसकर्मिहरूको तैनातीमा सीमित थियो, जबकि वर्तमान सरकार प्रधानमन्त्री नरेन्द्र मोदीको "विकास र सम्पदा" को मन्त्रमा काम गरिरहेको छ। मुख्यमन्त्रीले श्रावण मेलामा श्रदालुहरुका लागि विशेष सुविधाहरू पनि घोषणा गर्नुभयो। शेवड़ाफुलीदेखि तारकेश्वर धामसम्मको मार्गमा प्रत्येक पाँच किलोमिटरमा सेवा केन्द्र स्थापना गरिने उहाँले बताउनु भयो । यसबाहेक तारकेश्वर धामको विकास र सौन्दर्यीकरणका लागि १५ करोडको परियोजनामा काम भइरहेको छ । उहाले तीर्थयात्रीहरूको सुविधाको लागि राज्य सरकारले तीन प्रमुख धार्मिक स्थलहरूलाई सेवा केन्द्रको रूपमा चयन गरेको बताउनुभयो। यसमा जलपाइगुडीको जलपेश मन्दिर, भुटानको सीमा नजिकैको जयंती क्षेत्रको प्रमुख मन्दिर र तारकेश्वर धाम समावेश छन्। यी तीन तीर्थस्थल वरपरका भक्तजनलाई आवश्यक सुविधा प्रदान गरिनेछ।

**राज्यसभा उपचुनाव**

पश्चिम बंगालको राज्यसभा उपचुनावका लागि भारतीय जनता पार्टी (भाजपा) का उम्मेदवारहरु सुष्मिता देव सुशेन्दु शेखर राय तथा प्रकाश चिक बराइकले उम्मेदवारी दर्ता गराएका छन् । कार्यक्रममा मुख्यमन्त्री शुभेन्दु अधिकारी र भाजपा प्रदेश अध्यक्ष तथा सांसद शमीक भट्टाचार्य पनि उपस्थित थिए। केही दिनअघि यी तीन नेता भाजपामा प्रवेश गरेका थिए । त्यसपछि भाजपाले उनीहरुलाई पश्चिम बंगालबाट राज्यसभा उपचुनावका लागि आफ्नो उम्मेदवार घोषणा गरेको थियो ।

**श्रम**

पश्चिम बंगाल सरकारको श्रम विभागका राज्य मन्त्री भास्कर भट्टाचार्यले आज लङभ्यु चिया कमानका आन्दोलनकारी श्रमिकहरूको भोक हड्ताल स्थलमा पुगेर उनीहरुको समस्या, गुनासो र मागहरू प्रत्यक्ष रूपमा सुन्नुभयो। भ्रमण अवधी मंत्री भट्टाचार्यले सरकारको हस्तक्षेप र सकारात्मक पहलहरूबारे कुरा गर्दै भोक हड्ताल र आन्दोलन फिर्ता लिन अनुरोध समेत गर्नुभयो।

**ओकैटी चियाबारी- मूल प्रबन्धक**

गोर्खा जनमुक्ति मोर्चाको भ्रातृ संगठन दार्जिलिङ तराई डुवर्स प्लान्टेसन लेबर युनियन (DTDPLU) ओकैटी चियाबारी युनिटको प्रतिनिधिमण्डलले आज ओकैटी चियाबारीका मूल प्रबन्धक पंकज चौबेसँग औपचारिक भेटवार्ता गरेको छ। भेटवार्ताका क्रममा चियाबारीभित्र रहेका आधारभूत सुविधा तथा अन्य विभिन्न समस्याका विषयमा विस्तृत छलफल भएको बताइएको छ। यस अवसरमा अध्यक्ष अर्पण राई गोर्खाले श्रमिकहरूको हक–हितको संरक्षण तथा उनीहरूको समस्याको समाधानका लागि संगठन सधैं अग्रपङ्क्तिमा रहेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

**मौसम**

पश्चिम बङ्गालमा दक्षिणपश्चिम मनसुन पूर्ण रूपमा सक्रिय भएको छ, जसको प्रभावले राज्यका अधिकांश भागहरूमा मौसमको ढाँचा परिवर्तन भएको छ। मौसम विज्ञान केन्द्र, कोलकाता (आरएमसी) ले सोमबारसम्म राज्यका विभिन्न भागहरूमा भारी वर्षा हुने चेतावनी दिएको छ। मौसम पूर्वानुमानले जारी गरेको तथ्याङ्कअनुसार आज राज्यभरि मुख्यतः बदली रही धेरैजसो स्थानमा मेघ गर्जन र चट्याङसहित वर्षाको सम्भावना रहेको छ । यता

उत्तर बङ्गालको दार्जिलिङ, कालिम्पोङ, जलपाइगुडी, अलिपुरद्वार र कूचबिहार जिल्लामा मनसुनको प्रभाव स्पष्ट देखिएको छ। पर्वतीय तथा तराई भू–भागका धेरै स्थानमा मध्यमदेखि भारी वर्षाको सम्भावना रहेको छ।

**********